# उच्च शिक्षा तहका शिक्षकको (फ्याकल्टी) न्यूनतम योग्यतासम्बन्धी मापदण्ड, २०७९

**कार्यकारी समितिबाट स्वीकृत मिति: २०७९।४।२४ गते**

**प्रस्तावनाः** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २१ बमोजिम विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थाका चिकित्सा शिक्षा क्षेत्रका उच्च शिक्षा तहका शिक्षकको (फ्याकल्टी) न्यूनतम योग्यता निर्धारण गुणस्तरीय चिकित्सा शिक्षाको व्यवस्था गर्न बाञ्छनीय भएकाले,

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ४६ बमोजिम आयोगको मिति २०७७।४।३० को बैठकबाट प्रत्यायोजित अधिकारका आधारमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २७ को खण्ड (ख) को कार्य गर्नका लागि नियमावलीको नियम ४ को खण्ड (झ) बमोजिम कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेदः एक

## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो मापदण्डको नाम "उच्च शिक्षा तहका शिक्षकको (फ्याकल्टी) को योग्यतासम्वन्धी मापदण्ड, २०७९" रहेको छ ।

    (२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

2. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस मापदण्डमा;

    (क) "आयोग" भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको आयोग सम्झनु पर्दछ ।

    (ख) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सोभन्दा माथिल्लो तहमा प्रदान गरिने चिकित्सा शिक्षा सम्झनु पर्दछ ।

    (ग)"चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेसासम्बन्धी सवै विधा र तहका शिक्षा (हेल्थ प्रोफेसनल एजुकेशन) सम्झनु पर्दछ ।

    (घ) "निर्देशनालय" वा "बोर्ड" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ बमोजिमको निर्देशनालय वा वोर्ड सम्झनु पर्दछ ।

    (ङ)"नियामावली भन्नाले" राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्दछ ।

(च) "न्यूनतम मापदण्ड" भन्नाले चिकित्सा शिक्षाको उच्च शिक्षा तहका विभिन्न कार्यक्रममा अध्यापन गर्न शिक्षक (फ्याकल्टी) हुनका लागि आवश्यक पर्ने न्यूनतम योग्यता भन्ने सम्झनु पर्दछ ।

(छ) "परिषद" भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद भन्ने सम्झनु पर्दछ ।

(ज) "प्रतिष्ठान" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न प्रचलित कानुनबमोजिम स्थापित प्रतिष्ठान भन्ने जनाउँछ ।

(झ) "विश्वविद्यालय" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न, गराउन प्रचलित कानुनबमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्दछ ।

(ञ) "शिक्षक (फ्याकल्टी" भन्नाले चिकित्सा शिक्षाको उच्च शिक्षा तहको अध्यापनका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरी चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाका प्राध्यापक, सहप्राध्यापक र उप प्राध्यापक सम्झनु पर्दछ ।

(ट)"शिक्षण संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्दछ ।

(ठ)"समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्दछ ।

## परिच्छेदः दुई

## शिक्षक (फ्याकल्टी) को न्यूनतम योग्यता

**3.** **पदनाम सम्बन्धी व्यवस्था:** शिक्षक (फ्याकल्टी) को पद राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २१ बमोजिम प्राध्यापक, सहप्राध्यापक र उप प्राध्यापक हुनेछ । यसलाई अंग्रेजीमा क्रमश Professor, Associate Professor र Assistant Professor भनिनेछ ।

**4.** **आवश्यक न्यूनतम योग्यता:** (१) विश्वविद्यालय वा प्रतिष्ठान वा शिक्षण संस्था अन्तर्गत मेडिकल र डेन्टलतर्फको शिक्षक (फ्याकल्टी) हुनका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) शिक्षकको नियुक्तिको प्रक्रिया प्रचलित कानुनबमोजिम सम्बन्धित प्रतिष्ठान/विश्वविद्यालय/ शिक्षण संस्थाको नियमानुसार हुनेछ ।

(४) शिक्षक (फ्याकल्टी) को लागि प्राज्ञिक योग्यता देहायबमोजिम हुनेछः

(क) डिएम/एमसिएच वा सो सरह तह र कार्यक्रमका लागि सम्बन्धित विषयमा डिएम/एमसिएच वा एमडी/ /एमएस वा सो सरह उपाधि प्राप्त

(ख) माथि "क" बाहेकका चिकित्सा शिक्षाका अन्य तह र कार्यक्रमका लागि न्यूनतम स्नातकोत्तर तह वा सो सरह उपाधि प्राप्त ।

**5. <u>मेडिकल र डेन्टल तर्फका शिक्षक (फ्याकल्टी) का लागि चाहिने न्यूनतम अनुभव तथा लेख प्रकाशन:</u>**

(१) प्राध्यापक पदका लागि न्यूनतम अनुभव तथा लेख प्रकाशन देहायबमोजिम हुनेछ ।

(क) सम्बन्धित विषयमा डिएम, एमसीएच, पिएचडी वा सोसरह वा स्नातकोत्तर वा सोसरह शैक्षिक योग्यता हासिल गरेको र सह–प्राध्यापक तहमा कम्तीमा पाँचवर्ष अनुभव प्राप्त वा

स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरी १५ वर्ष शिक्षण/सेवा अनुभव गरेको र

(ख) सह प्राध्यापक पदमा सम्बन्धित विषयमा वा चिकित्सा शिक्षा सम्बन्धी विषयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय Indexed Journal मा कम्तीमा छवटा मौलिक अनुसन्धान लेख प्रकाशन गरेको, जसमध्ये दुईवटा लेखमा मुख्य लेखक (Principal Author) भएको।

(२) सहप्राध्यापक पदका लागि न्यूनतम अनुभव तथा लेख प्रकाशन देहायबमोजिम हुनेछ ।

(क) सम्बन्धित विषयमा डिएम, एमसीएच, पिएचडी वा सोसरह वा स्नातकोत्तर वा सोसरह शैक्षिक योग्यता हासिल गरी विश्वविद्यालय/प्रतिष्ठान/ शिक्षण

संस्थामा चिकित्साशास्त्र अन्तर्गत कम्तीमा पाँच वर्ष उपप्राध्यापक पदको अनुभव प्राप्त र

(ख) उप प्राध्यापक पदको सेवा अवधिभित्र सम्बन्धित विषयमा वा चिकित्सा शिक्षा सम्बन्धी विषयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय Indexed Journal मा कम्तीमा चारवटा अनुसन्धान पत्र प्रकाशन गरेको, जसमध्ये दुईवटा लेखमा मुख्य लेखक (Principal Author) भएको।

(ग) माथि खण्ड (क) मा जेसुकै कुरा लेखिएको भनिए तापनि सम्बन्धित विषयमा डिएम/एमसीएच वा सोसरह शैक्षिक योग्यता हासिल गरेको शिक्षक (फ्याकल्टी) को हकमा उपप्राध्यापक पदमा अध्यापन/सेवाको अनुभव दुईवर्ष हुनेछ ।

(३) उपप्राध्यापक पदका लागि न्यूनतम शैक्षिक योग्यता देहायबमोजिम हुनेछ ।

(क) प्रतिष्ठान/विश्वविद्यालय/बोर्ड वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेको ।

(ख) सम्बन्धित काउन्सिलमा स्नातकोत्तर तहको विषय दर्ता भएको ।

तर सम्बन्धित काउन्सिलमा दर्ता नभइ शिक्षक (फ्याकल्टी)का रूपमा अध्यापन गर्न पाउने विषयमा यो खण्ड लागू हुने छैन ।

6. **<u>मेडिकल र डेन्टल बाहेकका शिक्षक (फ्याकल्टी) का लागि चाहिने न्यूनतम शैक्षिक योग्यता, अनुभव तथा लेख प्रकाशन:</u>** (१) प्रतिष्ठान/विश्वविद्यालय वा शिक्षण संस्थाअन्तर्गत मेडिकल र डेन्टल बाहेकका विषयका लागि चाहिने शिक्षक (फ्याकल्टी) को न्यूनतम शैक्षिक योग्यता, अनुभव तथा लेख प्रकाशन देहायबमोजिम हुनेछ ।

(२) प्राध्यापक पदका लागि शैक्षिक योग्यता, अनुभव र लेख प्रकाशन देहायबमोजिम हुनेछ ।

(क) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विषयमा विद्यावारिधि वा सो सरह उपाधि प्राप्त

तर नर्सिङ विधाका शिक्षक (फ्याकल्टी) का लागि विद्यावारिधि अनिवार्य हुने छैन

र

(ख) सहप्राध्यापक तहमा प्रतिष्ठान/विश्वविद्यालय/शिक्षण संस्थामा कम्तीमा पाँचवर्ष अध्यापन/सेवाको अनुभव प्राप्त र

(ग) सह प्राध्यापक तहमा रही सम्बन्धित विषय वा चिकित्सा शिक्षा सम्बन्धी विषयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय Indexed Journal मा कम्तीमा छवटा अनुसन्धान पत्र प्रकाशन भएको जसमध्ये कम्तीमा दुईवटा लेखमा मुख्य लेखक (Principal Author) भएको ।

(३) उपदफा (२) मा जे सुकै लेखिए तापनि प्रतिष्ठान/विश्वविद्यालय/वोर्डमा आवश्यक पर्ने विषयको विज्ञका रुपमा देहायको व्यक्तिसमेत प्राध्यापक पदमा नियुक्त हुनसक्नेछ ।

(क) विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सम्बन्धित विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी अविच्छिन्न रुपमा कम्तीमा १५ वर्ष अध्यापन/सेवा गरेको र

(ख) चिकित्सा शिक्षा सम्बन्धी विषयमा राष्ट्रिय वा अन्तराष्ट्रिय Indexed Journal मा छवटा अनुसन्धान पत्र प्रकाशन गरेको, जसमध्ये कम्तीमा दुईवटा लेखमा मुख्य लेखक (Principal Author) भएको ।

(४) सहप्राध्यापक पदका लागि न्यूनतम शैक्षिक योग्यता, अनुभव र लेख प्रकाशन देहायबमोजिम हुनेछ ।

(क) प्रतिष्ठान/विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह वा विद्यावारिधि उपाधि प्राप्त।

(ख) प्रतिष्ठान/विश्वविद्यालयको शिक्षण सेवामा रही कम्तीमा पाँचवर्ष उपप्राध्यापक पदमा अध्यापन/सेवाको अनुभव प्राप्त ।

(ग) उपप्राध्यापक पदको सेवा अवधिभित्र सम्बन्धित विषय वा चिकित्सा शिक्षा सम्बन्धी विषयमा राष्ट्रिय वा अन्तराष्ट्रिय राष्ट्रिय Indexed Journal

मा कम्तीमा चारवटा मौलिक अनुसन्धान लेख प्रकाशन गरेको, जसमध्ये कम्तीमा दुईवटा लेखमा मुख्य लेखक (Principal Author) भएको ।

(५) उपप्राध्यापक पदका लागि न्यूनतम शैक्षिक योग्यता र लेख प्रकाशन देहायबमोजिम हुनेछ ।

(क) प्रतिष्ठान/विश्वविद्यालय/बोर्ड वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेको ।

(ख) सम्बन्धित काउन्सिलमा स्नातकोत्तर तहको विषय दर्ता भएको ।

तर सम्बन्धित काउन्सिलमा दर्ता नभइ शिक्षक (फ्याकल्टी)का रूपमा अध्यापन गर्न पाउने विषयमा यो खण्ड लागू हुने छैन ।

***स्पष्टीकरणः*** *(*१) अघिल्लो पदका लागि प्रकाशित लेख पछिल्लो पदका लागि योग्य हुनेछैन । (२) उपप्राध्यापक पदमा प्रवेशका लागि लेख प्रकाशनलाई अनिवार्य मानिने छैन ।

## परिच्छेदः तीन

## विविध

**7.** **समकक्षता सम्बन्धी व्यवस्था:** विदेशी विश्वविद्यालय/प्रतिष्ठान/वोर्ड वा सम्बन्धित देशको आधिकारिक निकायबाट प्रदत्त अधिकारद्वारा स्थापित शिक्षण संस्थाबाट कुनैपनि व्यक्ति अध्ययन गरेको भए निजले प्राप्त शैक्षिक योग्यताको समकक्षता प्रमाणीकरण भएपछि मात्र शिक्षक (फ्याकल्टी) का लागि योग्य हुनेछ ।

**8.** **भिजिटिङ शिक्षक (फ्याकल्टी) सम्बन्धी व्यवस्था:** (१) विश्वविद्यालय/प्रतिष्ठान/शिक्षण संस्थाले स्वदेशी तथा विदेशी शिक्षक (फ्याकल्टी) लाई प्राज्ञिक प्रयोजनका लागि भिजिटिङ शिक्षक (फ्याकल्टी) का रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(२) सिट निर्धारण प्रयोजनका लागि भिजिटिङ शिक्षक (फ्याकल्टी) लाई गणना गरिने छैन ।

9. **<u>नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका शिक्षक (फ्याकल्टी) सम्बन्धी व्यवस्था:</u>** नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका शिक्षक (फ्याकल्टी) सम्बन्धी व्यवस्था नेशनल बोर्ड अफ स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम हुनेछ ।

10. **<u>परिषदका प्रशिक्षकको योग्यता सम्बन्धी व्यवस्था</u>:** परिषद अन्तर्गतका प्रशिक्षकको योग्यता आयोग वा आयोगले तोकेको निकायले तोकेबमोजिम हुनेछ ।

11. **<u>शिक्षक (फ्याकल्टी) को विवरण अद्यावधिक गर्नुपर्ने:</u>** (१) विश्वविद्यालय वा प्रतिष्ठान वा शिक्षण संस्थाले शिक्षक (फ्याकल्टी) परिवर्तन वा थपघट भएमा विवरण अद्यावधिक गर्नुपर्नेछ र सोको जानकारी आयोगमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(२) अद्यावधिक शिक्षक (फ्याकल्टी) को विवरण सम्बन्धित विश्वविद्यालय/प्रतिष्ठानले वेवसाइटमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष सम्बन्धित शिक्षण संस्थाले कार्यरत शिक्षक (फ्याकल्टी) को भेरिफिकेशन गरी चिकित्सा शिक्षा आयोगमा पेस गर्नुपर्छ ।

12. **<u>बृत्ति विकास सम्बन्धी व्यवस्था</u>:** यस मापदण्डको मर्मबमोजिम हुने गरी प्रतिष्ठान/विश्वविद्यालय वा अन्तर्गत शिक्षण संस्थामा कार्यरत चिकित्सा शिक्षा सम्बद्ध शिक्षक (फ्याकल्टी) को नियुक्ति, बृत्ति विकास एवम् पदोन्नतिका लागि प्रतिष्ठान/विश्वविद्यालयले प्रचलित कानुनबमोजिम समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरी खुला, आन्तरिक तथा बढुवाद्वारा पदपूर्तिका लागि आन्तरिक मापदण्ड तयार गरी कार्यान्वयन गर्न सक्नेछन् ।

13. **<u>विदेशी शिक्षक (फ्याकल्टी) सम्बन्धी व्यवस्था:</u>**(१) चिकित्सा शिक्षाका विभिन्न विधामा अध्यापन गराउने प्रतिष्ठान/विश्वविद्यालय/शिक्षण संस्थाले विशेषज्ञता चाहिने विषयमा स्वेदशमा आवश्यक जनशक्ति उपलब्ध नभएमा विदेशी प्राध्यापक/सहप्राध्यापकलाई शिक्षकको (फ्याकल्टी) रूपमा कामकाज गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षक (फ्याकल्टी) को न्यूनतम योग्यता यस मापदण्ड बमोजिम नेपाली शिक्षक (फ्याकल्टी) का लागि चाहिने न्यूनतम योग्यता नै हुनेछ ।

(३) विदेशी शिक्षक (फ्याकल्टी) लाई विश्वविद्यालय वा प्रतिष्ठान वा शिक्षण संस्थाका शिक्षण अस्पताल वा सेटलाईट अस्पतालमा मात्र आधारित भई अभ्यास गर्न अनुमति

दिइने छ । यस अवस्थामा वाहेक अन्य निजी मेडिकल कलेज वा अन्य निजी अस्पतालमा अभ्यास गर्न पाइने छैन ।

14. **शिक्षक (फ्याकल्टी) को उमेर सम्बन्धी व्यवस्था:** अन्यत्र जेसुकै लेखिएको भए तापनि यो मापदण्ड लागू भएको पाँचवर्ष पछि चिकित्सा शिक्षा क्षेत्रमा कार्यरत सवै विधाका शिक्षकको (शिक्षक (फ्याकल्टी) )को उमेर ७० बर्षभन्दा बढी हुने छैन ।

15. **समान पद मान्य हुने:** कुनै एक विश्वविद्यालय/प्रतिष्ठानको प्रचलित कानुन अनुसार प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक पद प्राप्त शिक्षक (फ्याकल्टी) अन्य विश्वविद्यालय/प्रतिष्ठान वा अन्तर्गतका शिक्षण संस्थामा आबद्ध भएमा पहिले कायम भएको शिक्षक (फ्याकल्टी) पद राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २१ बमोजिम मान्य हुनेछ ।

16. **यसै मापदण्ड बमोजिम भएको मानिने**: यो मापदण्ड लागू हुनुपूर्व सम्बन्धित विश्वविद्यालय/ प्रतिष्ठानले दिएको प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक पदनाम यसै मापदण्ढ सरह भएको मानिनेछ ।

17. **व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार:** यो मापदण्डका सम्बन्धमा व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार समितिमा निहीत हुनेछ ।